मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : ३१ ◆ अङ्क : १२१ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८२ चैत ६ गते शुक्रबार (Friday, 20 March. 2026) नेपाल सम्वत् ११४६ Web : www .purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## महिला पत्रकारको चरित्रहत्या गरेपछि...

**सुनसरी, चैत ५।** सामाजिक सञ्जाल (फेसबुक)मार्फत महिला पत्रकारको चरित्रहत्या गरेको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ भने अन्य चार जनाको खोजी कार्य जारी रहेको जनाएको छ ।

पक्राउ पर्नेमा धरान उपमहानगरपालिका-१२का फुर्वा शेर्पा रहेका छन् । असान्दर्भिक भिडियो सामाजिक सञ्जालमा पोष्ट गरी गालीगलौज तथा अपमानजनक टिप्पणी गर्दै चरित्रहत्या गरेको आरोपमा उनलाई नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ । पीडित

(बाँकी अन्तिम पृष्ठमा)

## बैंकको ५ करोड हिनामिना गर्ने कर्मचारी खोज्दै प्रहरी



**विराटनग, चैत ५।** सिटिजन्स बैंक इन्टरनेशनलको विराटनगर-३को राजवंशी चोकमा रहेको शाखाबाट करिब ५ करोड रुपैयाँ हिनामिना गरी फरार रहेकी कर्मचारीको प्रहरीले खोजी तीव्र बनाएको छ ।

बैंकका निक्षेपकर्ताहरूको मुद्दती निक्षेपलाई धितो राखी नक्कली ऋणी खडा गरेर चार करोड ९१ लाख ५२ हजार १३ रुपैयाँ हिनामिना गरेको आरोपमा तत्कालीन अपरेसन इन्चार्ज ३५ वर्षीया रोजी कँडेलबिरुद्ध पक्राउ पुर्जी जारी भएको छ । प्रहरीले उनको खोजी तीव्र बनाएको बताइएको छ ।

बैंकको आन्तरिक लेखापरीक्षण (अडिट)का क्रममा कर्मचारीहरूकै मिलेमतोमा १३ जना नक्कली ऋणीका नाममा किर्ते कर्जा फाइल खडा गरी रकम निकालिएको तथ्य बाहिरिएको थियो । यस प्रकरणमा बैंकले २८ फागुनमा जिल्ला प्रहरी कार्यालय मोरङमा उजुरी दिएपछि घटना सार्वजनिक भएको हो । हिनामिनामा संलग्नता देखिएको भन्दै बैंकले कँडेललाई बर्खास्त गरिसकेको छ भने शाखा प्रबन्धक अभिषेक अग्रवाल, सहायक प्रबन्धक जोसेफ आचार्यसहित अन्य सात जना कर्मचारीलाई अनुसन्धानको दायरामा ल्याएको छ ।

जिल्ला प्रहरी कार्यालय मोरङका एसपी कवित कटुवालका अनुसार, बैंकले बुझाएको २५० पेज लामो छानबिन प्रतिवेदनका आधारमा बैंकिङ कसुर मुद्दामा अनुसन्धान अघि बढाइएको छ । उच्च अदालत बिराटनगरले कँडेललाई पक्राउ गर्न अनुमति दिएलगत्तै प्रहरी टोली उनको खोजीमा जुटेको हो ।

यसअघि कँडेलले पक्राउ पुर्जी रोक्न माग गर्दै उच्च अदालतमा निषेधाज्ञाको रिट दायर गरे पनि न्यायाधीशद्वय प्रकाश खरेल र प्रकाशचन्द्र अधिकारीको संयुक्त इजलासले अन्तरिम आदेश दिन अस्वीकार गरेका थिए । त्यसपछि प्रहरीलाई उनलाई कानूनी नियन्त्रणमा लिएर अनुसन्धान गर्ने बाटो खुलेको हो । 'अहिले घटनामा संलग्नहरुको खोजी भइरहेको छ- एसपी कटुवालले भने- 'अहिलेसम्म एक जना मात्रै भन्ने कुरा आएको छ, उनलाई पक्राउ गरेर अनुसन्धान थालेपछि थप के हो भन्ने थाहा होला ।'

बैंकको केन्द्रबाट खटिएको चार्टर्ड एकाउन्टेन्टको विशेष टोलीले दुई महिनाअघि नै हिनामिना पत्ता लगाएको थियो । छानबिनका क्रममा कञ्चनबारी शाखाका तत्कालीन प्रबन्धकदेखि सहायक

(बाँकी अन्तिम पृष्ठमा)

# बिर्तामोडमा प्रहरीको 'असुली धन्धा'

**झापा, चैत ५।** इलाका प्रहरी कार्यालय अनारमनीका प्रहरी पछिल्लो समय असुली धन्धामा सक्रिय रहेको दावी गरिएको छ ।

प्रहरीले विभिन्न मुद्दामा सर्वसाधारणलाई दुःख दिएर तथा गलत धन्धा गर्नेलाई संरक्षण गरेर असुली गर्ने गरेको पीडितहरुले बताएका छन् । इप्रका अनारमनीको कमाण्ड अहिले प्रहरी नायव उपरीक्षक विजय श्रेष्ठको नेतृत्वमा छ । अवैध धन्धा सञ्चालन गर्नेहरुसँग विभिन्न वहानामा प्रहरीले असुली गर्ने गरेको बताइन्छ ।

निर्वाचनको मौन अवधिमा होटल सञ्चालन गरी मदिरा बिक्री-वितरण र डिजे बजाएको आरोपमा पक्राउ परेका बिर्तामोड-१०का ५१ वर्षीय हेमकुमार राई प्रकरणमा प्रहरीले खुलेआम घुस लिएको गम्भीर आरोप सार्वजनिक भएको छ । घटनाले प्रहरीको कारबाही प्रक्रिया मात्र होइन, त्यसको पारदर्शिता र नियतमाथि समेत प्रश्न उठाएको छ ।

गतफागुन १९ गते साँझ आफ्नै आरवील रेष्टुरेन्टबाट पक्राउ परेका राईलाई इलाका प्रहरी कार्यालय अनारमनीको हिरासतमा राखिएको थियो । प्रारम्भिक अनुसन्धानपछि उनलाई भोलिपल्टै रिहा गरियो । तर, छ दिनपछि पुनः २६ गते प्रहरी कार्यालयमै बोलाएर 'प्रहरीमाथि अभद्र व्यवहार' गरेको आरोपमा मुद्दा दर्ता गरियो ।

प्रहरी सहायक निरीक्षक मनिष चौधरीको प्रतिवेदनका आधारमा मुलुकी अपराधसंहिता-२०७४को दफा ११८ अन्तर्गत मुद्दा अघि बढाइएको थियो । उक्त दफा अनुसार सार्वजनिक स्थानमा गालीगलौज, अपमानजनक व्यवहार वा ड्युटीमा



अवरोध पुऱ्याए एक वर्षसम्म कैद वा १० हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुन सक्ने व्यवस्था छ । तर, राईले भने आफूले कुनै अभद्र व्यवहार नगरेको दाबी गर्दै प्रहरीद्वारा 'झुटो मुद्दा' लगाइएको आरोप लगाएका छन् । आचारसंहिता उल्लंघन गरेको भए सजाय भोग्न तयार छु- उनले भने- तर, हुँदै नभएको कसुरमा फसाएर दुःख दिने काम भयो ।

उनका अनुसार १९ गते पक्राउ परेर २० गते नै रिहा गरिएको अवस्थामा पुनः २६ गते बोलाएर मुद्दा दर्ता गर्नु आफैंमा शंकास्पद छ । यदि त्यतिबेलै अभद्र व्यवहार भएको थियो भने तत्कालै मुद्दा किन दर्ता गरिएन ?- उनले प्रश्न गरे । राईले घटनास्थल मुचुल्का समेत पहिलो दिन नभई दोस्रोपटक पक्राउ गरेपछि मात्रै बनाइएको दाबी गरेका छन् । प्रहरी प्रतिवेदनमा स्थानीय प्रेमबहादुर राई र विवेक योञ्जनलाई प्रत्यक्षदर्शीका रूपमा उल्लेख गरिएको छ ।

### हिरासतमा अग्रवालमाथि कुटपिट गर्ने प्रहरीलाई कार्वाही !

**झापा, चैत ५।** बिर्तामोडका युवा व्यवसायी कृष्ण अग्रवाललाई हिरासत कक्षमै कुटपिट गरेको घटनामा संलग्न प्रहरीमाथि कारबाही प्रक्रिया अघि बढाइएको छ ।

प्रहरी स्रोतका अनुसार घटनामा संलग्नमध्ये एक जनामाथि विभागीय कारबाही र अर्का एक जनालाई निलम्बन गर्ने प्रक्रिया शुरु गरिएको हो । गतशनिबार ठगी अभियोगमा पक्राउ परेका अग्रवालमाथि हिरासतभित्रै कुटपिट गरिएको अग्रवालले बताएसँगै प्रहरीको चौतर्फी आलोचना भएको थियो ।

इलाका प्रहरी कार्यालय अनारमनीका डीएसपी बिजय श्रेष्ठ र सञ्चारकर्मीलाई अग्रवालले आफूमाथि कुटपिट भएको बताएसँगै सीसीटिभी फुटेज जाँच गरिएको थियो । सो क्रममा अग्रवाल माथि कुटपिट भएको दृष्य भेटिएपछि प्रहरीमाथि कारबाही प्रक्रिया थालिएको जनाइएको छ । उक्त घटना सार्वजनिक भएपछि प्रहरीले अग्रवाललाई तत्काल रिहा गरेको थियो ।

यसैबीच, जिल्ला सरकारी वकिल कार्यालय झापाका जिल्ला न्यायाधीवक्ता दिनेशप्रताप शाहले उक्त

(बाँकी अन्तिम पृष्ठमा)

## ह्वाट्सएप ह्याकरको बिगबिगी

**काठमाडौं, चैत ५।** पछिल्लो समय ह्वाट्सएप ह्याक गरी पैसा माग्ने र ठगी गर्ने घटना बढ्दै गएपछि नेपाल प्रहरीको साइबर ब्युरोले नागरिकलाई सचेत गराएको छ ।

ह्याकरहरूले विभिन्न व्यक्तिको ह्वाट्सएप एकाउन्ट नियन्त्रणमा लिएर निजका साथीभाइ तथा आफन्तलाई म्यासेज पठाउने गरेका छन् । आफू अप्ठ्यारोमा परेको भन्दै पैसा माग्ने, बैंकिङ एपमा समस्या आएको भन्दै क्यूआर कोड पठाएर ठगी भइरहेको ब्युरोको भनाइ छ ।

ब्युरोका प्रवक्ता दीपकराज अवस्थीद्वारा हस्ताक्षरित अनुरोधसहितको सूचनामा ह्वाट्सएपमा कसैले पैसा मागे तुरुन्त विश्वास नगर्ने र सम्बन्धित व्यक्तिलाई प्रत्यक्ष

(बाँकी अन्तिम पृष्ठमा)

## झोलुङ्गे पुलले जोड्दैछ चन्द्रडाँगी-लालपानी



**दमक, चैत ५।** झापाको शिवसताक्षी नगरपालिका-६ स्थित चन्द्रडाँगी बजार हुँदै कनकाई नदीपूर्वमा रहेको वडा नं. १० र वडा नं ७ को केही भू-भाग जोड्न कनकाई नदीमाथि झोलुङ्गे पुलको निर्माणको कार्य अन्तिम चरणमा पुगेको छ ।

संघीय सरकारको झोलुङ्गे पुल महाशाखा, ललितपुर कुपन्डोलबाट विनियोजित रु. सात करोड ४१ लाखको लागतमा निर्माण शुरु गरिएको झोलुङ्गे पुल निर्माणको अन्तिम चरणमा पुगेको हो । पुलको लम्बाइ ६४० मिटर रहेको छ । शिवसताक्षी नगरपालिकाको भौगोलिक अवस्थिति अनुसार कनकाई नदीपूर्व पनि केही वडा रहेका छन् । कनकाई नदीपूर्व पनि वडा नं. १० र वडा नं. ७को केही भू-भाग छ । हालसम्म ती वडाका बासिन्दाले आफ्नै वडाभित्र आवतजावत गर्नसमेत पूर्व-पश्चिम महेन्द्र राजमार्गमा रहेको कनकाई पुलको प्रयोग गर्नुपर्ने बाध्यता रहिआएको छ ।

स्थानीयका अनुसार वडा नं. ७का बासिन्दाले आफ्नो वडाको अर्को भाग पुग्न करिब सात किलोमिटर उत्तरतर्फ यात्रा गरेर कनकाई पुल पार गरी जानुपर्ने अवस्था छ । तर, अब झोलुङ्गे

(बाँकी अन्तिम पृष्ठमा)

## अवैध कपडासहित टेम्पो र चालक पक्राउ



**झापा, चैत ५।** झापाको बिर्तामोडबाट प्रहरीले अवैध सामानसहित दुई वटा टेम्पो र त्यसका चालकलाई पक्राउ गरेको छ ।

इलाका प्रहरी कार्यालय बिर्तामोडबाट खटिएको टोलीले बिहीबार बिहानको राति करिब २ बजे अर्जुनधारा-६ स्थित चिया बगान क्षेत्रबाट टेम्पोसहित चालकलाई पक्राउ गरेको हो । शनिश्चरेबाट बिर्तामोडतर्फ आउँदै गरेका टेम्पोहरूलाई शङ्का लागेर रोकेर जाँच गर्दा टेम्पोभित्र विभिन्न किसिमका कपडा फेला परेको जिल्ला प्रहरी कार्यालय झापाका प्रवक्ता खगेन्द्रबहादुर खड्काले जानकारी दिए । फेला परेको सामानमा सारी, कुर्था

(बाँकी अन्तिम पृष्ठमा)

## 'अमेरिकी सैनिक हुँ' भन्दै ठगी

**काठमाडौं, चैत ५।** 'अमेरिकन आर्मी हुँ' भन्दै प्रलोभनमा पारेर महिलालाई ठगी गर्ने एक युवक पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा स्याङ्जा बिरुवा गाउँपालिका-२ का ३४ वर्षीय भेषराज वाग्ले रहेको नेपाल प्रहरीको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले जनाएको छ ।

कार्यालयका प्रहरी उपरीक्षक(एसपी) मनोहरप्रसाद भट्टका अनुसार वाग्लेले टिकटक र वाट्सएपमार्फत महिलाहरूसँग सम्पर्क गरेर कुराकानी गर्दै जाँदा आफू अमेरिकन आर्मीमा

(बाँकी अन्तिम पृष्ठमा)

## प्रहरी हिरासतमा रहेकी बालिका रिहा

**झापा, चैत ५।** इलाका प्रहरी कार्यालय अनारमनीको नियन्त्रणमा रहेकी बिर्तामोड-४ निवासी १४ वर्षीया बालिका आसिदा खातुन रिहा भएकी छन् ।

गत फागुन २९ गते राति पक्राउ परेकी उनलाई बुधबार राति करिब ८:३० बजे रिहा गरिएको हो ।

राष्ट्रिय मानव अधिकार सञ्जाल झापाका महासचिव दीपक दास र सदस्य विकाश कोइरालाको रोहवरमा बालिकालाई रिहा गरिएको सञ्जालका अध्यक्ष डा. रुपक खनालले जानकारी दिए ।

जिल्ला प्रहरी कार्यालय झापाका अनुसार बालिकालाई उनकी फुपू बिर्तामोड-३ निवासी ४० वर्षीया सञ्जेरी खातुनको जिम्मा लगाइएको छ ।

प्रहरीले फागुन २९ गते राति खातुनको घरबाट ६ लाख ३५ हजार ४ सय ६० रुपैयाँ नगद, २ लाख ४६ हजार भारतीय रुपैयाँ तथा करिब तीन तोला सुन र चार तोला चाँदीका गहना बरामद गरेको जनाएको छ । सोही क्रममा बिर्तामोड-४ मियावारीस्थित जगत बस्नेतको घरमा डेरा गरी बस्ने उनकी आमा २८ वर्षीया मसिना खातुन पक्राउ परेकी थिइन् ।

प्रहरीका अनुसार घटनामा संलग्न रहेको आशंकामा बालिकाका बुवा फरार छन् । तर, परिवारले भने प्रहरीले नै उनलाई भगाएको आरोप लगाउँदै आएको छ ।

यसैबीच, खातुनको घरमा छापा मार्दा प्रहरीले कुटपिट गरेको आरोप समेत लागेको छ । बालिका आसिदा खातुनलाई हिरासतमा राखिएको विषय पूर्वाञ्चल दैनिकले सार्वजनिक गरेपछि प्रहरीको चौतर्फी आलोचना भएको थियो ।

हाल आसिदाकी आमा मसिना खातुन भने प्रहरी हिरासतमा नै रहेकी छन् र उनीमाथि अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ । बालिकाका बुवा यसअघि पनि पक्राउ परेका र राष्ट्रपतिबाट आममाफी पाएर छुटेका व्यक्ति रहेको जनाइएको छ । उनीमाथि चोरीमा संलग्न भएको आशंकामा अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

Advance Pathology Lab

विश्वसनीय स्वास्थ्य परीक्षणको लागि तपाईंको आफ्नै ल्याब
हामीकहाँ आधुनिक प्रविधिबाट सुसज्जित प्रयोगशाला, अनुभवी प्राविधिक र छिटो तथा भरपर्दो रिपोर्टको व्यवस्था छ।

तपाईंको स्वास्थ्य, हाम्रो जिम्मेवारी।

- छिटो र भरपर्दो रिपोर्ट
- आधुनिक मेसिन र अनुभवी टेक्निसियन
- सबै प्रकारका रगत तथा पिसाब परीक्षण
- उचित शुल्कमा गुणस्तरीय सेवा

Advance Pathology Lab
ISO 15189 -2022 certified lab
Birtamode-1, Charpane, Jhapa
023-536070, 9817032003
Email:advancelab2010@gmail.com

सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं ।

- सबै धर्म, भाषा र संस्कृतिको सम्मान गरौं,
- विविधतामा एकताको भावना विकास गरौं,
- जातीय, धार्मिक तथा क्षेत्रीय विभेद त्यागौं,
- चाडपर्व र उत्सवहरु मिलेर मनाऔं,
- घृणा फैलाउने, अफवाह र भ्रामक सूचनाबाट सचेत बनौं,
- संवाद, सहकार्य बढाऔं,
- आपसी समझदारी कायम गरौं,
- शान्ति, सहिष्णुता र भाइचाराको संस्कृति प्रवर्द्धन गरौं ।

विविधतामा एकता, सद्भाव र सहिष्णुता ।

नेपाल सरकार
विज्ञापन बोर्ड

द.नं. ३/१/७/५२४/२०६७/०६८

सिम्रिक बचत तथा ऋण सहकारी संस्था लि.
बिर्तामोड-४, झापा
स्था.: २०६७

कर्मचारी आवश्यकता सम्बन्धीको सुचना

यस सिम्रिक बचत तथा ऋण सहकारी संस्था लि., मुख्य कार्यालय विर्तामोड-४, झापाको संचालक समितिको मिति २०८२।१२।०३ गते बसेको बैठकको निर्णय बमोजिम संस्थाको कार्यक्षेत्र झापा, मोरङ्ग, इलाम र पाँचथर जिल्लामा रहेको सेवाकेन्द्रहरुका लागि निम्न लिखित योग्यता भएका कर्मचारीहरु खुला प्रतिष्पर्धाको आधारमा पदपुर्ति गर्नुपर्ने भएकोले मिति २०८२ चैत्र १५ गते कार्यालय समय भित्र ईच्छुक ब्यक्तिहरुलाई दरखास्तको लागि आह्वान गरिन्छ।

| क्र.सं. | पद | संख्या | शैक्षिक योग्यता | विशेष दक्षता |
|---|---|---|---|---|
| १ | सहायक प्रथम छैटौं तह (सेवाकेन्द्र प्रमुख) | ४ | व्यवस्थापन संकायमा स्नातक उत्तीर्ण वा सो सरह | - सहकारी तथा वित्तिय क्षेत्रमा कार्यअनुभव – Nepali Typing, Microsoft Word/Excel & Computer सम्बन्धी राम्रो ज्ञान भएको |
| २ | सहायक द्वितीय चारौं तह (क्यासियर) | ३ | प्रमाण पत्र तह (+२) उत्तीर्ण वा सो सरह | - सहकारी तथा वित्तिय क्षेत्रमा कार्यअनुभव – Nepali Typing, Microsoft Word/Excel & Computer सम्बन्धी ज्ञान भएको |
| ३ | सहायक द्वितीय चारौं तह (फिल्ड सहायक) | ३ | प्रमाण पत्र तह (+२) उत्तीर्ण वा सो सरह | - सहकारी तथा वित्तिय क्षेत्रमा कार्यअनुभव – Nepali Typing, Microsoft Word/Excel & Computer सम्बन्धी ज्ञान भएको |

परीक्षणकालिन अवधि ६ महिनाको रहनेछ ।

- आधार तलब : सहायक प्रथम रु. ३०,५६८।-, फिल्ड सुविधा रु. ६,५००।-
  सहायक द्वितीय रु. २६,३८६।-, फिल्ड सुविधा रु. ४,५००।-
- अन्य सेवा-सुविधा (संस्थाको नियमानुसार) : ग्रेड, सामाजिक सुरक्षा कोष, उपदान, उपचार सुविधा, कर्मचारी बोनस, संचित विदा, पर्व बोनस, महंगी भत्ता ।
- अनुभवी तथा दुई पांग्रे सवारी चालक अनुमति पत्र सहित साधन भएकालाई विशेष प्राथमिकता दिईनेछ ।

संलग्न हुनुपर्ने कागजात :

१) हस्तलिखित निवेदन
२) नेपाली नागरिकताको प्रतिलिपि
३) शैक्षिक योग्यताको प्रतिलिपि
४) २ प्रति पास फोटो
५) अनुभव प्रमाणपत्रको प्रतिलिपि

आवेदन शुल्क : सहायक प्रथम छैटौं तहको हकमा रु. ५००।- र सहायक द्वितीय चारौं तहको हकमा रु. ३००।-(फिर्ता नहुनेगरी)

नोट : अनलाईन मार्फत आवदेन दिनेको हकमा आवेदन शुल्क तपशिलमा उल्लेखित बैंक खातामा जम्मा गरि जम्मा भौचर वा स्क्रिनसट पठाउनुहुन ।

Bank Name : Nic Asia Bank Ltd Account Name : Simrik Saving And Credit Cooperative Limited Account Number : 0094150002272003

सम्पर्क नं. : ०२३-५३४९२५, ९८०१४४९४२८ ईमेल : simrikcoophr@gmail.com

# बिन्ध्यावासिनी शक्तिपीठमा मत्स्य महापुराण



**अर्जुनधारा, चैत ५।** झापाको अर्जुनधारा नगरपालिका–४ भाङ्बारीस्थित बिन्ध्यावासिनी शक्तिपीठ मन्दिरमा बिहीबारदेखि मत्स्य महापुराण तथा धनधान्याञ्चल नवाह भक्ति ज्ञान महायज्ञ शुरु भएको छ ।

मन्दिरको सभाहलमा मन्दिर व्यवस्थापन समितिका अध्यक्ष मनोज जोशीको अध्यक्षतामा आयोजित उक्त महापुराणको प्रमुख अतिथि अर्जुनधारा नगरपालिकाकी उपप्रमुख खड्गमाया पराजुलीले उद्घाटन गरेकी थिइन् ।

मन्दिरको १०औं धार्मिक वार्षिक अनुष्ठान अन्तर्गत आयोजित उक्त महापुराणको मन्दिर क्षेत्रको वृहत् विकास एवम् अक्षयकोषको संरक्षण गर्ने उद्देश्य रहेको मन्दिर व्यवस्थापन समितिका अध्यक्ष जोशीले जानकारी दिए । यही चैत १३ गते रामनवमी पर्वको दिन सम्पन्न हुने महापुराणको प्रमुख वाचक आचार्य वेदप्रकाश भट्टराई र उपवाचक पण्डित कृष्ण चापागाँई रहेका छन् ।

त्यसैगरी कार्यक्रममा समितिका अध्यक्ष जोशीले मन्दिरको पृष्ठभूमिसँगै वर्तमान गतिविधि र भावी रणनीति बारे जानकारी गराएका थिए । कार्यक्रममा ब्राइट बिग्निङ एकाडेमीका सहायक प्रधानाध्यापक यमनलाल दनुवारलगायतले मन्तव्य राखेका थिए ।

अर्जुनधारा नगरसभा सदस्य कोपिला थापा, अर्जुनधारा जलेश्वर धाम व्यवस्थापन समितिका वरिष्ठ सदस्य चित्रसेन भण्डारी, दाता मीना जोशीलगायतको आतिथ्य रहेको कार्यक्रममा समितिका वरिष्ठ उपाध्यक्ष प्रेम कार्कीले स्वागत मन्तव्य प्रस्तुत गरेका थिए । अर्जुनधारा जलेश्वर धामका बटुकहरुले स्वस्ति वाचन गरेको कार्यक्रमको सञ्चालन सचिव एकदेव खनालले गरेका थिए ।

## बैंकको ...

कर्मचारीसम्मको युजर आईडी प्रयोग गरी २० लाखदेखि एक करोड २५ लाख रुपैयाँसम्मका १३ वटा नक्कली ऋण फाइल तयार पारेको देखिएको बैंकले बुझाएको प्रतिवेदनमा उल्लेख छ ।

कँडेलले शुरुमा १५ दिनभित्र रकम फिर्ता गर्ने भनेर बैंकसँग कागज गरे पनि पछि सम्पर्कविहीन भएपछि बैंक कानूनी उपचारमा गएको हो । तर, कँडेलको परिवारले भनेँ बैंकले प्रहरीमा उजुरी दिएर फँसाउन खोजेको दावी गरेका छन् ।

## ह्वाट्सएप ...

फोन गरेर मात्र यकिन गर्ने, आफ्नो ह्वाट्सएप सुरक्षाका लागि टु स्टेप भेरिफिकेशन राख्न, ओटीपी कसैलाई शेयर नगर्न, शंकास्पद लिंकमा क्लिक नगर्न साथै अपरिचितबाट आएका लिंक र फाइल नखोल्ने/डाउनलोड नगर्न सचेत गराइएको छ ।

## महिला ...

महिला पत्रकारले शेर्पाबिरुद्ध किटानी जाहेरी दिएकी थिइन् । इलाका प्रहरी कार्यालय धरानमा बिद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन–२०६३ अन्तर्गत दफा ४७(१) बमोजिम कसुरमा जाहेरी दर्ता भएको छ ।

प्रहरीका अनुसार शेर्पाले फेसबुकमा गलत तरिकाले सामग्री पोष्ट गर्दै अपमानजनक अभिव्यक्ति दिएका थिए । उक्त घटनामा संलग्न अन्य चार जनाबिरुद्ध पनि जाहेरी परेको छ । प्रहरी नायव उपरीक्षक भीषणबाबु राईका अनुसार घटनामा संलग्न निशा राई, सन्देश खालिङ, अगम राई र पूर्ण तामाङको खोजी कार्य जारी छ ।

## अवैध ...

सुरुवाल, ढाका लगायतका कपडा रहेका छन् ।

अवैध रूपमा भन्सार छलेर करिब ५ लाख रुपैयाँ बराबरको कपडा ल्याएको हुनसक्ने प्रहरीको भनाइ छ । मे१ह ६३५५ नं को टेम्पोको चालक सुबिन्द्र जोगी र मे१ह ७२९४ नम्बरको चालक भमदल राईलाई प्रहरीले नियन्त्रणमा लिएको हो ।

# डेस्टिनी करियर एजुकेशन कन्सल्टेन्सीको बिर्तामोडमा

**बिर्तामोड, चैत ५।** काठमाण्डौमा मुख्य कार्यालय रहेको डेस्टिनी करियर एजुकेशन प्रालिले झापाको बिर्तामोडमा पहिलो शाखा स्थापना गरेको छ ।

झापाबाट सो कन्सल्टेन्सी हुँदै जापान अध्ययन तथा श्रमको लागि जानेको संख्या उच्च भएपछि झापामा शाखा स्थापना गरेको सञ्चालक सुजन श्रेष्ठले जानकारी दिए ।

काठण्माडौको सामाखुशी मुख्य कार्यालय रहेको कन्सल्टेन्सीले स्थापनाको तीन बर्षमा १५० जना विद्यार्थीलाई अध्ययनको लागि जापान पठाइसकेको जनाएको छ । श्रेष्ठले आफ्नो कन्सलटेन्सीबाट गएका सबैसँग सम्पर्कमा रहेको बताउँदै १०० प्रतिशत नतिजा सफल भएको दावी गरेका छन् ।

कन्सल्टेन्सीले जापानकै विभिन्न शहरमा रेष्टुरेन्ट सञ्चालन गर्दै आएको छ । यहाँबाट जाने बिद्यार्थीलाई आफ्नै रेष्टुरेन्टमा आंशिक रोजगार दिइने समेत बताइएको छ । यसका अतिरिक्त जापानको टोकियो, नागोया, फुजीमा



रेष्टुरेन्ट सञ्चालन गर्ने तयारी छ । कन्सलटेन्सीका बिर्तामोड शाखा प्रमुख प्रकाश बानियाँले चैत १५ गतेदेखि दक्ष प्रशिक्षकको सहजीकरणमा पठन–पाठन शुरु गर्ने बताए । त्यसका लागि बिद्यार्थीले नाम दर्ता गर्न शुरु गरेको उनको भनाइ छ ।

शाखा उद्घाटन कार्यक्रममा कम्पनीका सल्लाहकार रोशन अधिकारी, सञ्चालकहरु श्रीकृष्ण श्रेष्ठ तथा सुशील डंगोलको सहभागिता रहेको थियो । कार्यक्रमको सञ्चालन बिर्तामोड शाखा सञ्चालक तिलक योञ्जनले गरेका थिए ।

## अमेरिकी ...

कार्यरत रहेको भन्दै प्रलोभनमा पार्ने गरेका थिए ।

कुराकानीका क्रममा उनले विशाल थापा क्षेत्री भन्दै आफ्नो परिचय दिने गरेको पनि प्रहरीले जनाएको छ । महिलाहरूलाई विश्वासमा पारिसकेपछि वाग्लेले आफू बिदामा नेपालमा जग्गाको कर तिर्न आएकोलगायतका झुट्टा कुरा भनेर 'आफ्नो खातामा लिमिट लागेको' भन्दै रकम लिने गरेका थिए ।

रकम लिएर फिर्ता नदिएपछि ठगी भएको भन्दै पीडित महिलाले जाहेरी दिएपछि उनी पक्राउ परेको प्रहरीले जनाएको छ । पक्राउपछि उनलाई थप अनुसन्धान र कारबाहीका लागि जिल्ला प्रहरी परिसर काठमाडौं बुझाइएको एसपी भट्टले जानकारी दिए ।

## बिर्तामोडमा ...

अभियोगपत्रमाथि प्रश्न उठाउँदै यस्तो प्रकृतिको मुद्दा दर्ता नगर्न सुझाव दिएका थिए । उनले प्रमुख जिल्ला अधिकारी, इलाका प्रहरी कार्यालय अनारमनीका डीएसपी तथा जिल्ला प्रहरी कार्यालय झापाका एसपीलाई फोनमार्फत ध्यानाकर्षण गराएका थिए ।

तर, सबैभन्दा गम्भीर आरोप भने घुससँग सम्बन्धित छ । राईका अनुसार, आफूलाई अनावश्यक दुःख दिँदै डीएसपी श्रेष्ठको निर्देशनमा प्रहरीले १० हजार रुपैयाँ घुस लिएको दावी गरेका छन् । म हिरासतमा थिएँ, मेरो भाइ भुवेश राईले इलाका प्रहरी कार्यालयको लेखा शाखामा वरिष्ठ सई देवराज निरौलालाई १० हजार रुपैयाँ बुझाएको हो– उनले भने । उनले वकिलका लागि थप १५ हजार रुपैयाँ खर्चिएको समेत बताएका छन् । बिना कसुर पक्राउ, झुठा आरोप र त्यसपछि घुस–यो सबै मिलेर ममाथि ठूलो अन्याय भएको छ– उनले भने ।

अभद्र व्यवहार मुद्दामा राई २५ हजार रुपैयाँ धरौटीमा छुटेका छन् । तर, उनीमाथि लगाइएको आरोप र प्रहरीले लिएको भनिएको घुस प्रकरणबारे औपचारिक छानबिन हुनुपर्ने माग स्थानीयस्तरमा उठ्न थालेको छ । यस विषयमा इलाका प्रहरी कार्यालय अनारमनीले भने औपचारिक प्रतिक्रिया दिएको छैन । घटनाको निष्पक्ष छानबिन नहुँदा प्रहरीको विश्वसनीयतामाथि थप प्रश्न उठेको छ ।

**पक्राउ परेका होटल सञ्चालक 'सेटिङ' मा छुटे ?**

यौनजन्य क्रियाकलाप गराएको आरोपमा पक्राउ परेका बिर्तामोड बसपार्कस्थित आसेङ होटलका सञ्चालक पदम तामाङलाई इलाका प्रहरी कार्यालय अनारमनीले एक दिन नबित्दै छाडेपछि घटनाले नयाँ मोड लिएको छ ।

पक्राउपछि छोटो समयमै रिहा गरिनु र त्यसमा 'मोटो रकम लेनदेन' भएको आरोप सार्वजनिक भएपछि प्रहरीको भूमिकामाथि गम्भीर प्रश्न उठेको हो । प्रहरी स्रोतका अनुसार पक्राउ परेका तामाङलाई सोही दिन इप्रका अनारमनीका प्रमुख डीएसपी बिजय श्रेष्ठको ठाडो निर्देशनमा छाडिएको थियो । तर, पक्राउ परेका अन्य व्यक्तिहरू भने हिरासतमा राखेर अनुसन्धान अघि बढाइएको थियो ।

अर्जुनधारा–११ बसपार्कस्थित राईमान होटल एण्ड लजमा छापामार्दा पाँच युवतीसहित १० जनालाई 'शंकास्पद अवस्थामा' पक्राउ गरिएको प्रहरीको दावी छ ।

अस्थायी प्रहरी पोस्ट बसपार्कबाट प्रहरी सहायक निरीक्षक राजेश पौडेलको कमाण्डमा खटिएको टोलीले उनीहरूलाई नियन्त्रणमा लिएको थियो । प्रहरीका अनुसार पक्राउ परेकामध्ये चार जना भारतीय र एक जना नेपाली पुरुषसहित पाँच युवती रहेको उल्लेख छ । तर, अनुसन्धानकै क्रममा पक्राउ परेका युवतीहरूले आफूहरू आसेङ होटलसँग आबद्ध रहेको बताएका थिए । स्रोतका अनुसार आसेङ होटलबाटै महिलाहरू राईमान होटलमा पठाइएको तथ्य फेला परेको थियो । यद्यपि, उक्त होटलका सञ्चालक तामाङलाई भने प्रहरीले छाडिदिएपछि डीएसपी श्रेष्ठ र तामाङबीच साँठगाँठ रहेको बताइन्छ ।

स्थानीयहरूका अनुसार आसेङ होटलमा नियमित रूपमा महिलाहरू राखिने मात्र नभई लागूऔषध कारोबार समेत हुने स्रोतको दावी छ । तर, प्रहरी कारबाही भने असमान देखिएको आरोप छ ।

घटनामा संलग्न एक होटल व्यवसायीले डीएसपी श्रेष्ठको संलग्नतामा 'मोटो रकम' लेनदेन भएको दाबी गरेका छन् । उनका अनुसार तामाङलाई छुटाउन रकमको सेटिङ मिलाएको बताइएको छ ।

डीएसपी श्रेष्ठले वरिष्ठ प्रहरी नायव निरीक्षक देवराज निरौला मार्फत बिर्तामोडका होटलबाट मासिक असुली गर्ने गरेको आरोप सार्वजनिक भएको छ । स्रोतका अनुसार बसपार्क क्षेत्रका होटलहरूबाट मासिक ३० हजारदेखि १ लाख ५० हजार रुपैयाँसम्म असुली हुने गरेको दाबी गरिएको छ ।

पक्राउ परेका १० जनामध्ये ९ जनालाई म्याद थप गरिनु र एक जना छुट्नु आफैंमा शंकाको विषय हो– एक होटल व्यवसायीले भने । ११ महिना अघि इलाका प्रहरी कार्यालय अनारनीको कमाण्ड सम्हाल्न आएका प्रहरी नायव उपरीक्षक श्रेष्ठले केही महिना यता होटल तथा रेष्टुरेन्ट सञ्चालकलाई धमाधम पक्राउ गर्दै छाड्दै आएका छन् । त्यसको मुख्य उद्देश्य भनेकै रकम उठाउने रहेको स्रोतको दावी छ ।

ट्राफिक प्रहरीलाई समेत अघि सारेर प्रहरी नायव उपरीक्षक श्रेष्ठले सवारी चेकजाँचको नाममा रकम उठाउने गरेको आरोप लागेको छ । विशेष गरी बुलेट वाइक सञ्चालकबाट पाँच हजारदेखि १० हजार रुपैयाँसम्म लिने गरेको बताइएको छ ।


PRiME COMMERCIAL BANK LTD.
प्राइम कमर्सियल बैंक लिमिटेड

को

**शाखा कार्यालय विर्तामोड, झापाको तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना**

(प्रकाशित मिति २०८२/१२/०६ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको शाखा कार्यालय विर्तामोड, झापाबाट लिनु भएको कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम समेत नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएकोले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित तरताकेता गर्दासमेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको हुनाले तपसिलमा उल्लेखित ऋणीहरु, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो धनीका नाममा बाँकी रहेको ऋण कर्जा चुक्ता भुक्तानी गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखि आफूले लिएको कर्जा, कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नु होला । अन्यथा ऋणी र बैंक बीच भए गरेका शर्त सम्झौता, नेपाल राष्ट्र बैंकबाट बैंकहरुलाई जारी एकीकृत निर्देशन, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ तथा प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा नाम समावेश गर्न लेखि पठाई ऋणको सुरक्षण स्वरुप बैंकलाई दिएको चल-अचल सम्पत्ति जहाँ, जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारवाही गरिने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानूनी प्रकृया अगाडि बढाईने ब्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

**१. ऋणीको विवरण**

नेपाल सरकार उद्योग वाणिज्य तथा आपुर्ती मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाडौंमा, कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७६/०५/०५ मा दर्ता नं. २२१९९७/०७६/०७७ कायम भई दर्ता भएको झापा जिल्ला, विर्तामोड न.पा. वडा नं. १ स्थित आरती बुद्ध अटोमोबाइल्स् प्रा.लि.

**२. ऋणीको विवरण**

नेपाल सरकार, उद्योग वाणिज्य तथा आपुर्ती मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर काठमाडौंमा, कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७८/१०/०६ मा दर्ता नं. २६२९२७/७७/०७८ कायम भई दर्ता भएको इलाम जिल्ला, रोङ गा.पा. वडा नं. ३ स्थित कन्याम ट्रेडर्स एण्ड सप्लायर्स प्रा.लि.

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. कृष्ण प्रसाद ओडारीको नाति, लक्ष्मी प्रसाद ओडारीको छोरा, झापा जिल्ला, सतासीधाम गा.वि.स./न.पा. वडा नं. ६, स्थित स्थायी ठेगाना भएको टिका ओडारी (ना.प्र.प.नं. ८५२४१३२२६, झापा)
२. कृष्ण प्रसाद ओडारीको नाति, लक्ष्मी प्रसाद ओडारीको छोरा, झापा जिल्ला, शिवसताक्षी न.पा. वडा नं. ११ स्थित स्थायी ठेगाना भएको दिलिप ओडारी (ना.प्र.प.नं. ८५२४२०२५७, झापा)
३. लक्ष्मी प्रसाद ओडारीको बुहारी, टिका ओडारीको पत्नी, इलाम जिल्ला, दानावारी गा.वि.स/न.पा वडा नं. १ स्थित स्थायी ठेगाना भएको कल्पना घिमिरे (ना.प्र.प.नं. ४५५, इलाम)
४. लक्ष्मी प्रसाद ओडारीको बुहारी, दिलिप ओडारीको पत्नी, सुनसरी जिल्ला, धरान उ.म.न.पा वडा नं. १७ स्थित स्थायी ठेगाना भएको सुजता खड्का (ना.प्र.प.नं. ०६-०२-७१-०३७४०, सुनसरी)

नोट १ : माथि उल्लेखित दुबै ऋणीहरुको लागि व्यक्तिगत जमानतकर्ताहरुको विवरण एकै भएको।
नोट २: यो सूचना मिति २०८२/१२/०६ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा समेत प्रकाशित गरिएको छ।



**निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना**

चन्द्रमान राईको छोरा बुहारी बीरबहादुर राईको पत्नी कोशी प्रदेश, इलाम जिल्ला सन्दकपुर गाउँपालिका वडा नं. २ बस्ने आइवुङ्ग राई यस इलाम शाखामा खाता नं. २१११५२४०३००३४० सञ्चालन गर्दै आउनु भएकोमा मिति २०८२/०१/१८ मा निज खातावाला बीर बहादुर राईको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको पत्नी आइवुङ्ग राईले मृत्यु दर्ता प्रमाण–पत्र र नाता प्रमाणित प्रमाण–पत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ ।

बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक बीर बहादुर राईको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दाबीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स–प्रमाण दाबी गर्न यस बैंकको इलाम शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड NEPAL SBI BANK LTD.
इलाम शाखा, इलाम
फोन नम्बरः ०२७–५२१७२४



**तु-आवश्यकता**

बिर्तामोड–५मा रहेको बस्नेत फ्रेस हाउसको लागि कामदारको आवश्यकता परेकोले सम्पर्क गर्नुहोला ।
१) खसी काट्न मासु बनाउन जान्ने पुरुषः १ जना
२) चिकन बनाउन जान्ने महिला/पुरुष–१ जना
खाना, बस्न, एप्रोन र मेडिकलको व्यवस्थासहित
नोटः खसी बनाउन (काटन जान्नेलाई) रु. १८०००/- र कुखुरा बनाउन (काट्न जान्नेलाई) रु. १५०००/-को व्यवस्था छ ।

**मो. ९८०३४०१९७०**



**भिटा विक्रीमा**

बिर्तामोड नगरपालिका–१ बाल्मीकि लिङ्कन कलेज दक्षिण डाक्टर कोलेनीसंगैको दक्षिण मोहडा भएको ११ धुर भिटा अर्जेन्ट परेर तु–विक्रीमा रहेकाले इच्छुकले मात्र सम्पर्क गर्नुहोला ।

**मो. ९८०७९२२३०१**




झापा जिल्ला अदालत
भद्रपुर, झापा

**इजलास निर्माण तथा फर्निचर खरिद कार्यको सिलबन्दी बोलपत्र आव्हानको सूचना**

| सि.नं. | योजना विवरण | लागत अनुमान रु. (भ्याट समेत) | बोलपत्र दस्तुर | बैंक जमानत/धरौटी रु. |
|---|---|---|---|---|
| १ | Maintance Works of Ijalas Room of District Court Jhapa | १९९९९८७।०९ | ३,०००।०० | ६०,०००।०० |

- बोलपत्र फारम मिति २०८२।१२।२० गतेसम्म खरिद गरी मिति २०८२।१२।२२ दिनको १२ बजेभित्र दाखिला गर्न सकिनेछ । साथै बोलपत्र सोही दिन दिनको २ बजे खोलिनेछ ।
- इच्छुक उत्पादक निर्माण व्यवसायी तथा सप्लायर्सहरुले आवश्यक कागजात समावेश गरी निवेदन दिई बोलपत्र दस्तुर रु. ३०००।०० (तीन हजार मात्र) राष्ट्रिय वाणिज्य बैंक लि. को शाखाको कोड नं. ११००१ खाता नं. झापा जिल्ला अदालत (२०४९७१२०१) को राजश्व शीर्षक १४२२९ अन्य प्रशासनिक सेवा शुल्कमा पछि फिर्ता नहुने गरी दाखिला गरेर यस अदालतमा बोलपत्र फारम खरिद गर्न सकिनेछ ।
- सिलबन्दी बोलपत्र पेश गर्नेले धरौटी रकम बापत यस अदालतको नाममा राष्ट्रिय बाणिज्य बैंक लि. को कोड नं क २–३ धरौटी खाता नं २२१०१००१०२०३००००मा दाखिला गरेको सक्कलै बैंक भौचर वा यस अदालतको नाममा नेपाल सरकारबाट मान्यता प्राप्त बैाकबाट बोलपत्रको १२० (एक सय बीस) दिनको मान्य अवधि रहने गरी जारी भएको बैंक जमानत पेश गर्नुपर्नेछ ।
- बोलपत्र सम्बन्धी थप जानकारी लिन परेमा झापा जिल्ला अदालतको वेवसाइटमा हेर्न सकिनेछ ।





**वरिष्ठ मुटु रोग विशेषज्ञ**

DR. RAJESH KUMAR PANJIYAR
MBBS, MD INTERNAL MEDICINE,
DM CARDIOLOGY FAPSC (JAPAN)
NMC NO.: 8021
SENIOR CLINICAL & INTERVENTIONAL CARDIOLOGIST

CATH LAB Training (सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्र, बाँसबारी, काठमाडौं)

प्रत्येक महिनाको तेस्रो शनिबार विराटनगरबाट

**उपचार हुने रोगहरु**

- उच्च रक्तचाप(Blood Pressure),कोलेस्ट्रोल
- छाती दुख्ने, चक्कर आउने, थकान धेरै हुने
- राति सुत्दा वा हिड्दा साँस फेर्न गाह्रो हुने
- हात,खुट्टा सुन्निने, पसिना धेरै आउने, ढुकढुकी बढ्ने
- मुटुको कमजोरी (Heart Failure)
- हृदयघात (Heart Attack)
- पुरानो मुटु रोग सम्बन्धी समस्या
- ECG र मुटुको भिडियो एक्सरे (ECHO)सेवा
- मुटु सम्बन्धी अपरेसन गरेको तथा पेसमेकर राखेका बिरामीहरु का लागि नियमित परामर्श

**आर. आर. पोलिक्लिनिक**
अन्नपूर्ण चोक, भद्रपुररोड (भद्रपुर बस स्टेण्डसगै), बिर्तामोड–४,झापा
०२३–५९११७४, ९८२०४९११७४




**बिर्तामोडमा 4D भिडियो एक्स-रे र ल्याव सेवा**

वरिष्ठ रेडियोलोजिष्ट डा. संजयकुमार गुप्ताद्वारा
निशा एडभान्स अल्टासाउण्ड एण्ड डायग्नोष्टिक क्लिनिकमा

- प्रत्येक दिन बिहान ६:०० बजेदेखि ८:३० बजे र बेलुका २:०० बजेदेखि ८:०० बजेसम्म
- पश्चिम बस स्टेण्ड उत्तर, बिर्तामोड–५, झापा

हाम्रा सेवाहरु

- Fetal Echo, Fibro Scan Liver (पहिलोपल्ट)
- विशेषज्ञद्वारा ओ.पी.डी. सेवा
- निसन्तान परामर्श केन्द्र
- 12 Lead ECG,
- सुपथ मूल्यको फार्मेसी सेवा
- अत्याधुनिक प्याथोलोजी ल्याव
- 4D भिडियो एक्स–रे
- Anomaly Scan, TVS
- रक्त नलिको Colour Doppler
- Advance CT Scan




सम्पर्क नं. : ०२३–५९०१९४, ९८०१५६६४७८, ९८१७९८४६४६


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित – कार्यालय : बिर्तामोड–१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह–सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी–९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३–५३१००२/प्रशासन/विज्ञापन : ०२३–५३००४४) Email: purwanchal2052@gmail .com

पूर्वाञ्चल
सम्पादकीय

## मधेशमा महिला सशक्तिकरण आवश्यक

**मधेश प्रदेशमा महिलामाथि हुने विभिन्न किसिमका हिंसाका घटनाहरु प्रत्येक वर्ष बढ्दै गएको छ । महिलाका क्षेत्रमा काम गरिरहेका सरकारी एवम् गैरसरकारी संस्था मार्फत भएका अध्ययनका अनुसार खासगरी मधेश प्रदेशमा यौन हिंसा बढेको देखाएका छन् । यसो हुनु समाज व्यवस्थाबिरुद्ध हो जसले सामाजिक संकट निम्त्याउने निश्चित छ । यौनजन्य हिंसाको यो गम्भीर घटनामा खासगरी बालिका बढी प्रभावित भएको तथ्यांकहरुले देखाएका छन् । अनौपचारिक क्षेत्र सेवा केन्द्र इन्सेकले सार्वजनिक गरेको मानवअधिकार वर्ष पुस्तक २०२६ मा मधेश प्रदेशमा दुई सय बीस वटा बलात्कारका घटना भएको उल्लेख छ । इन्सेकले २०८१ पुस १७ देखि २०८२ पुस १६ सम्मको अवधिमा बालिका बलात्कारका एक सय एक वटा घटनाको अभिलेख छ ।**

**बालबालिकाभन्दा केही बढी अर्थात् एक सय उन्नाइस वटा घटना महिला बलात्कारका रहेका छन् । नेपालको कानूनी व्यवस्था अनुसार १८ वर्ष मुनिका बालिका र त्यस माथिकालाई महिला भनिएको छ । जस अनुसार बालिकातर्फ किशोरीहरु हिंसाको उच्च जोखिममा रहेका छन् । यस बाहेक महिला पुनर्स्थापना केन्द्र मधेश प्रदेशले समेत महिला माथि हुने हिंसाको अभिलेखीकरण गरेको छ, त्यसमा पनि अन्य प्रदेशको तुलनामा मधेशमा महिला तथा बालबालिका माथि हुने हिंसा नै बढी छ । यसरी मधेश प्रदेशमा महिला हिंसाको ग्राफ उच्च देखिनुमा शिक्षाको कमी प्रमुख कारणका रुपमा रहेको प्रतिवेदनहरुले देखाएका छन् । त्यसैगरी सांस्कृतिक, आर्थिक तथा सामाजिक प्रभावले पनि लैङ्गिक हिंसामा कमी आउन नसकेको हो । त्यसकारण पनि उल्लेखित कारणको अन्त्य नभएसम्म महिलामाथि हुने हिंसाको अन्त्य सम्भव छैन । अझ मधेश प्रदेशमा मधेशी समुदायका दलित तथा विपन्न वर्गका महिलामा यौन हिंसा बढी हुने गरेको तथ्यांकले देखाएका छन् । उनीहरुमा अशिक्षा, न्यायिक पहुँच र मिडिया सम्बन्धी चेतना कमी भएका कारण यस्ता हिंसाजन्य घटना सार्वजनिक हुने गरेका छैनन् ।**

**दलित तथा विपन्न वर्गका महिला घरेलु कामदारका रुपमा रहँदा विभिन्न प्रलोभनमा पारेर+यौन शोषणमा पर्ने गरेका, दाइजोको विभिन्न रुपमा र अन्तरजातीय विवाह पनि यस्ता हिंसाका कारकका रुपमा रहेका छन् । यस्ता विभेदकारी तथा समाज विरोधी गतिविधि अन्त्यका लागि सरकार, अन्तर्राष्ट्रिय विकास तथा जनसंख्या कोष र विश्व बैंक जस्ता राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय निकायले पर्याप्त लगानी गरेका छन्, तर यौनजन्य हिंसाका घटनामा कमी आउन सकेको छैन । त्यसैले समाजको विकासमा अवरोध गर्ने यौन हिंसाका निन्दनीय घटना न्यूनीकरणसहित अन्त्य गर्न विपन्न महिलाको आर्थिक सुधार आवश्यक छ । त्यसका साथै शिक्षाको पहुँच विस्तार गरी महिला सशक्तिकरणको माध्यमबाट विसंगति र अभिशापका रुपमा रहेको महिला हिंसाको अन्त्य गर्न सकिन्छ । यसका लागि बलियो हतियार भनेको महिला शिक्षाको विकास हो । त्यतातर्फ सरकार बढी गम्भीर हुनुपर्छ ।**

# जनविश्वास जोगाउने अवसर



**रीता भण्डारी**



गत फागुन २१ को चुनावपछि जनताले केवल नयाँ अनुहार मात्र खोजेका छैनन्, नयाँ शैली, नयाँ संस्कार र नयाँ परिणामको अपेक्षा गरेका छन् भन्ने स्पष्ट भएको छ। लामो समयदेखि दोहोरिँदै आएको राजनीतिक अस्थिरता, वेरोजगारी, महँगी, सेवा प्रवाहको ढिलासुस्ती, भ्रष्टाचारप्रतिको असन्तोष र युवा विदेशिने प्रवृत्तिले राज्य र नागरिकबीचको विश्वास कमजोर बनाएको छ। यही पृष्ठभूमिमा जनताले नयाँ बन्ने सरकारलाई ठूलो अवसर र त्यत्तिकै ठूलो परीक्षा दिएको छ। जनता नीतिको होइन, नतिजाको प्रतीक्षामा छन्। सरकारी कार्यालयमा सेवा सहज होस्, युवाले देशभित्र सम्मानजनक रोजगारी पाऊन्, किसानले उत्पादनको मूल्य पाऊन्, विद्यार्थीले गुणस्तरीय शिक्षा पाऊन्, बिरामीले उपचारमा दुःख नपाऊन् र राज्यले न्यायसङ्गत व्यवहार गरोस् भन्ने जनचाहना अहिले सर्वत्र छ।

यसर्थ नेपाल परिवर्तनको मुखमा उभिएको छ। यो परिवर्तन केवल दल परिवर्तनको होइन, शासन संस्कार परिवर्तनको हो। नयाँ बन्ने सरकारको पहिलो काम सुशासनलाई नारा होइन, व्यवहारमा उतार्नु हो। फाइल रोक्ने संस्कार, पहुँचका आधारमा हुने निर्णय, अपारदर्शी नियुक्ति, ठेक्का ढिलो हुने, कमजोर अनुगमन र जवाफदेहिताको कमीले राज्यलाई कमजोर बनाएको छ। जनतालाई अनुभूति हुने गरी सेवा प्रवाह सरल, छरितो र पारदर्शी बनाउन सके मात्र उनीहरूको विश्वास जित्न सकिन्छ। सार्वजनिक सेवा डिजिटल, समयबद्ध र उत्तरदायी बनाउनु, गुनासो सुनुवाइलाई प्रभावकारी बनाउनु र निर्णय प्रक्रियामा स्पष्टता ल्याउनु यतिखेरको आवश्यकता हो।

अर्को प्राथमिकता रोजगारी हो। देशभित्र अवसर नहुँदा कामको खोजीमा विदेशिनु युवाको बाध्यता बनेको छ। हजारौँ युवा अध्ययन सकेर वा सिप सिकेर पनि उपयुक्त अवसर नपाउँदा विदेशिन बाध्य छन्। यसले परिवार, समाज र राष्ट्रिय उत्पादनशीलता सबैमा असर पुऱ्याइरहेको छ। कृषि, पर्यटन, ऊर्जा, निर्माण, साना तथा मझौला उद्यम, सूचना प्रविधि र नवप्रवर्तन जस्ता क्षेत्रमा परिणाममुखी लगानी बढाउनु पर्छ। रोजगारी सिर्जना सरकारको मुख्य सफलता-मापक बन्नु पर्छ। शिक्षा, स्वास्थ्य र सिप विकासलाई केन्द्रमा राख्नु पर्छ। केवल सडक, पुल र भवन बनाउँदैमा राष्ट्र बलियो हुँदैन। सक्षम नागरिक बिना समृद्धि सम्भव हुँदैन। विद्यालयदेखि विश्वविद्यालयसम्म गुणस्तर र बजारसँगको सम्बन्ध सुधार्नु पर्छ।

प्राविधिक तथा व्यावसायिक शिक्षा विस्तार गर्नुपर्छ। स्वास्थ्य सेवामा पहुँच, औषधि, उपकरण, जनशक्ति र व्यवस्थापन सुधारिएन भने जनताको दैनन्दिन पीडा घट्दैन। राज्यले मानव पुँजीमा लगानी बढाएर दीर्घकालीन विकासको आधार तयार गर्नुपर्छ। यसैगरी कृषि र ग्रामीण अर्थतन्त्रलाई केवल भाषणको विषय होइन, व्यवहारको प्राथमिकता बनाउनुपर्छ। आज पनि धेरै नागरिकको जीवन कृषि, पशुपालन र स्थानीय उद्यमसँग जोडिएको छ, तर उत्पादन लागत, बजारको अभाव, सिँचाइ, भण्डारण, बिउबिजन, प्रविधि र मूल्य शृंखलाको कमजोरीका कारण कृषक निराश छन्। ग्रामीण क्षेत्रमा सिपयुक्त जनशक्ति टिकाउन सकिएको छैन। यदि गाउँमा उत्पादन, प्रशोधन, बजार र आधारभूत सेवा विस्तार भएन भने बसाइँसराइ, वेरोजगारी र निर्भरता झन् बढ्छ।

नयाँ सरकारले केवल काम गरेर मात्र पुग्दैन, काम देखिने, महशुस हुने र विश्वसनीय पनि हुनु पर्छ। नागरिकले सरकारी घोषणापत्र होइन, आफ्नो जीवनमा देखिने परिवर्तन खोजिरहेका छन्। विद्यालयमा शिक्षक, अस्पतालमा औषधि, कार्यालयमा समयमै सेवा, सडकमा सुरक्षा, बजारमा अवसर, किसानलाई मल-बिऊ, उद्यमीलाई सहज नीति, युवालाई सिप र काम पाउनु पर्छ। जनता उद्घाटन, निरीक्षण र भाषणभन्दा डेलिभरी चाहन्छन्। अर्को पक्ष भनेको राज्य सञ्चालनमा विनम्रता, संवाद र नैतिकता अत्यन्त जरुरी हुन्छ। जनताको मन जित्न केवल लोकप्रिय भाषण मात्र होइन, गल्ती स्विकार्ने संस्कार, आलोचना सुन्ने क्षमता, नागरिकसँग नियमित संवाद र नीति बनाउँदा सबै वर्गलाई समेट्ने अभ्यासले मात्र सरकारलाई दीर्घकालीन वैधता दिन्छ। सरकारको भाषा संयमित, व्यवहार मर्यादित र प्राथमिकता स्पष्ट हुनु पर्छ। जनताले अहङ्कार होइन, उत्तरदायित्व खोजिरहेका छन्।

त्यसैगरी नयाँ सरकारका लागि पहिलो सय दिन अत्यन्त निर्णायक हुन्छ। यही अवधिमा सरकारको कार्यशैली, प्राथमिकता र इच्छाशक्ति देखिन्छ। त्यसैले पहिलो सय दिनका लागि स्पष्ट कार्यसूची बनाइनुपर्छ। भ्रष्टाचार नियन्त्रणका ठोस कदम, सेवा प्रवाह सुधार, रोजगारी तथा उद्यम प्रोत्साहन, शिक्षा-स्वास्थ्यमा तत्काल सुधार र प्रशासनिक अनुशासन कायम गर्ने कार्यक्रम सार्वजनिक हुनु पर्छ। जनताले के, कहिले, कसरी हुने हो भन्ने जानकारी पाए विश्वास बढ्छ। आठौँ, नेपालले विश्वका सफल अभ्यासबाट सिक्नु आवश्यक छ। धेरै देशमा नयाँ सरकार बनेपछि सुरुका दिनमै स्पष्ट प्राथमिकता, समयबद्ध कार्यक्रम, डिजिटल सेवा सुधार, भ्रष्टाचार नियन्त्रण र नागरिकसँग निरन्तर संवादलाई महत्त्व दिइन्छ। नेपालले पनि यही बाटो अपनाउनु पर्छ, तर नक्कल होइन, आफ्नै सामाजिक-आर्थिक यथार्थ अनुसार सुधारको खाका बनाउनु जरुरी छ।

जनता फेरि एक पटक अवसर दिन तयार भए तर उनीहरू अब सजिलै भ्रममा पर्ने अवस्थामा छैनन्। अबको सरकारका लागि सबैभन्दा ठूलो चुनौती केवल सत्ता समाल्नु होइन, जनताको आशा जोगाउनु हो। सरकारले जनताको पीडा बुझेर इमानदारी, दक्षता र परिणाममुखी भएर काम गऱ्यो भने यही क्षण परिवर्तनको आधार बन्न सक्छ, तर फेरि पुरानै ढर्रा दोहोरियो भने आशा निराशामा र भरोसा आक्रोशमा बद्लिन धेरै समय लाग्दैन। अबको सरकारले सुशासनलाई केवल नारामा सीमित राख्ने होइन, संरचनागत अभियानकै रूपमा अघि बढाउनु पर्छ। सार्वजनिक सेवा प्रवाह, सार्वजनिक खरिद, नियुक्ति प्रक्रिया र अनुगमन संयन्त्रलाई पारदर्शी, उत्तरदायी र डिजिटल बनाइँदा मात्र राज्यप्रति जनविश्वास बलियो बन्छ।

रोजगारी सिर्जना, उद्यमशीलता प्रवर्द्धन र सिप विकासलाई सरकारको मुख्य सफलता-मापकका रूपमा स्थापित गर्न आवश्यक छ। किनकि आजको नेपालमा जनताको सबैभन्दा ठूलो अपेक्षा सम्मानजनक रोजगारी र भविष्यप्रतिको भरोसा हो। कृषि, ऊर्जा, पर्यटन, उद्योग, सूचना प्रविधि र ग्रामीण अर्थतन्त्र जस्ता क्षेत्रमा समन्वित, परिणाममुखी र दिगो लगानी बढाउनु अहिलेको अपरिहार्य आवश्यकता हो। साथै, शिक्षा, स्वास्थ्य र मानव पुँजी विकासलाई दीर्घकालीन राष्ट्र निर्माणको आधार मानेर नीतिगत प्राथमिकतामा राख्नु पर्छ। किनकि बलियो राष्ट्रको आधार केवल भौतिक पूर्वाधार होइन, सक्षम र स्वस्थ नागरिक पनि हुन्।

नयाँ सरकारका लागि समय कम, अपेक्षा ठूलो र परीक्षण कठोर छ। इतिहासले केवल सरकार गठनको घटना मात्र सम्झँदैन, बरु जनविश्वास जोगाउन सफल नेतृत्वलाई नै सम्मानका साथ स्मरण गर्छ। त्यसैले आजको नेपालको आवश्यकता केवल सत्ता सञ्चालन होइन, आशाको संरक्षण, विश्वासको पुनर्निर्माण र परिणाममुखी शासनको स्थापना हो। यही बाटोले मात्रै नेपाललाई स्थिर, न्यायपूर्ण र भरोसायोग्य भविष्यतर्फ अघि बढाउन सक्छ। गोप

**विश्व मुख स्वास्थ्य दिवस :**

# ‘स्वस्थ मुख, खुशी जीवन’को आधार



**डा. गंगा न्यौपाने**



हरेक वर्ष मार्च २० तारिखमा विश्वभर विश्व मुख स्वास्थ्य दिवस (World Oral Health Day) मनाइन्छ। यस दिवसको उद्देश्य मानिसहरूलाई मुख तथा दाँतको स्वास्थ्यप्रति सचेत गराउनु र स्वस्थ जीवनशैली अपनाउन प्रेरित गर्नु हो। यस वर्षको नारा ‘A Happy Mouth is a Happy Life’ अर्थात् ‘खुशी मुख भनेको खुशी जीवन हो’ रहेको छ।

विश्व मुख स्वास्थ्य दिवसको शुरुआत सन् २००७ सेप्टेम्बर १२ मा FDI World Dental Federation को स्थापना भएपछि भएको हो। प्रारम्भमा सोही दिन यो दिवस मनाइन्थ्यो। तर २०१३ पछि मितिमा केही अन्योल उत्पन्न भएपछि यसलाई मार्च २० मा सारियो, र त्यसयता यही दिन मनाइँदै आएको छ।

मार्च २० लाई नै चयन गर्नुका पछाडि केही विशेष अर्थ छन्। वृद्ध अवस्थासम्म स्वस्थ रहन कम्तीमा २० वटा प्राकृतिक दाँत हुनु आवश्यक मानिन्छ। बच्चाहरूमा २० वटा दूधे दाँत हुन्छन् भने एक स्वस्थ व्यक्तिको मुखमा ३२ वटा दाँत हुनुपर्छ र त्यसमा शून्य क्याभिटी हुनु आदर्श मानिन्छ।

मुख स्वास्थ्य भन्नाले दाँत, गिजा, गाला, ओठ, जिब्रो तथा तालुको समग्र स्वास्थ्यलाई जनाउँछ। यी अंगहरूको उचित हेरचाह नगरेमा दाँतमा किरा लाग्ने, दाँत दुख्ने, गिजाबाट रगत आउने, दाँत हल्लिने, मुख गन्हाउने, दाँत फुस्किने जस्ता समस्या देखा पर्न सक्छन्। दीर्घकालीन रूपमा बेवास्ता गरिएमा मुखको क्यान्सर जस्ता गम्भीर रोग समेत हुन सक्छन्।

दैनिक जीवनका साना तर महत्त्वपूर्ण बानीहरूले मुख स्वास्थ्य राम्रो राख्न ठूलो भूमिका खेल्छन्। नरम टुथब्रस प्रयोग गर्ने, फ्लोराइडयुक्त टुथपेस्ट प्रयोग गर्ने, दाँतको बीचमा अड्किएको फोहोर हटाउन डेन्टल फ्लस वा इन्टरडेन्टल ब्रस प्रयोग गर्ने आवश्यक छ। दिनमा कम्तीमा दुई पटक-बिहान र बेलुका खाना खाइसकेपछि-दाँत माझ्ने, खाना खाएपछि कुल्ला गर्ने बानी बसाल्नुपर्छ। साथै गुलिया खानेकुरा, जंक फुड, सोडा पेय, अत्यधिक चिसो वा तातो खानेकुराको सेवन कम गर्नुपर्छ। सुपारी, चुरोट, गुट्खा, खैनी जस्ता हानिकारक पदार्थबाट टाढा रहनु अत्यन्त जरुरी छ।

प्रत्येक छ-छ महिनामा दन्त चिकित्सकसँग नियमित जाँच गराउँदा सम्भावित समस्याहरू समयमै पत्ता लगाउन र समाधान गर्न सकिन्छ। मुख र शरीरबीचको सम्बन्ध अत्यन्त घनिष्ठ हुन्छ। मुख शरीरको प्रवेशद्वार भएकाले यहाँ देखिएको समस्या सम्पूर्ण शरीरमा असर गर्न सक्छ। स्वस्थ मुखले हामीलाई सहज रूपमा खान, बोल्न र हाँस्न मद्दत गर्छ। यदि मुख वा दाँतमा समस्या भएमा आत्मविश्वास घट्नुका साथै दैनिक जीवनमा असहजता उत्पन्न हुन्छ।

त्यसैगरी स्वस्थ दाँतले खाना राम्रोसँग चपाउन सहयोग गर्छ, जसले पाचन प्रणालीलाई सघाउँछ र शरीरलाई आवश्यक पोषण उपलब्ध गराउँछ। त्यसैले स्वस्थ मुख नै स्वस्थ र खुशी जीवनको आधार हो।

नेपाल जस्तो विकासोन्मुख देशमा अझै पनि ग्रामीण क्षेत्रमा मुख स्वास्थ्य सम्बन्धी चेतनाको कमी देखिन्छ। सरकारी स्वास्थ्य संस्थाहरूमा पर्याप्त भौतिक पूर्वाधार नहुँदा सेवा प्रदायक र सेवाग्राही दुबै पक्ष प्रभावित हुने गरेका छन्। बिरामी-चिकित्सक अनुपातमा केही सुधार भए पनि अझै पर्याप्त छैन, जसका कारण सेवा गुणस्तरमा असर पर्न सक्छ।

दाँत तथा मुख सम्बन्धी समस्याहरू न्यूनीकरण गर्न प्रत्येक व्यक्तिले आफ्नो स्तरबाट सचेत रहन आवश्यक छ। विद्यालय, स्वास्थ्य चौकी तथा समुदायस्तरमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नु पनि उत्तिकै महत्त्वपूर्ण छ। निःशुल्क दन्त परीक्षण शिविर, दन्त स्वास्थ्य शिक्षा कार्यक्रम तथा नेपाल मेडिकल काउन्सिलमा दर्ता भएका दन्त चिकित्सकसँग नियमित परामर्श गर्ने बानीले पनि यस्ता समस्याहरू धेरै हदसम्म कम गर्न सकिन्छ। अन्ततः ‘स्वस्थ मुख, खुशी जीवन’ कुनै नारा मात्र होइन, जीवनशैली हो। विश्व मुख स्वास्थ्य दिवसले हामीलाई आफ्नो मुख स्वास्थ्यप्रति सजग हुन र अरूलाई पनि सचेत गराउन प्रेरित गर्छ। त्यसैले आजैबाट सही बानीहरू अपनाएर स्वस्थ र सुखी जीवनतर्फ अघि बढौँ।

(न्यौपाने जी एण्ड डी कञ्चनजंघा डेन्टल केयर, वरिष्ठ दन्त चिकित्सक तथा आरसीटी विशेषज्ञ हुन्। )






ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क नं. : ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)**
विपरीत लिङ्गिसाथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, तपाईको समय उत्तमसिद्धी रहेको छ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)**
बोलिको प्रभावले आयआर्जन फाइदा हुने दिन छ, बोल्दा विचार पुऱ्याउनुहोला, आफन्तसँग भेट हुने समय रहेको छ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)**
मेहनतले राम्रो परिणाम प्राप्त हुनेछ, दिगो फाइदा हुने काम प्रारम्भ हुने समय रहेको छ, दाम्पत्य जीवन शुखी रहला, उत्साह बढ्ने योग रहेको छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)**
दिन मध्यम छ, समय दिन नसक्दा बन्न लागेको काम बिग्रन सक्ला, व्यवसायमा नाफामूलक दिन आएको छ, भैपरी आउने खर्चले चिन्ता बढाउन सक्ला सचेत रहनुहोला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)**
यथेष्ट धन लाभको योग छ, बोली तथा वाणीको प्रभावमा वृद्धि हुनेछ, मिष्ठान्न भोजनको योग छ, मन प्रफुल्ल रहला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)**
दिन शुभ रहेको छ, लामो समयदेखि रोकिएका काम बन्ने योग छ, घरमा प्रियजनको आगमन हुनेछ, आफन्त तथा सन्तानबाट भरपुर सहयोग प्राप्त हुनेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते)**
पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौशला बढ्नेछ, छोटो दुरीको रमाइलो यात्रा हुनाले तपाईको मन हर्षित रहला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)**
मनमा उमँग बढेर जानेछ, आम्दानीको स्रोत खुल्ने समय आएको छ, बेलुकीपख मावली पक्षबाट अशुभ समाचारको योग छ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)**
समय अनुकूल रहेको छ, नयाँ कामको प्रस्ताव आउनेछ, बोलिको भरमा अधुरो कामहरू फत्ते भएर जानेछन्, तपाईको प्रशंसकहरू बढ्नाले मन प्रसन्न रहला ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)**
मिश्रित फलको समय छ, काममा उतारचढाव आउन सक्छ, खानपानमा ध्यान दिनुहोला ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)**
लामो दुरीको यात्रा हुनेछ, कार्यसिद्धिको योग परेको छ, टाढिएका मित्रसँग भेट हुने समय छ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)**
आज समयले साथ दिएको छ, नचिताएको ठाउँबाट धन आगमन हुँदा मन खुशी हुनेछ, परिवारजनमा रमाइलो जमघट हुनेछ ।

मिति २०८२/१२/०५ बिहीबारको
सुनचाँदी मूल्य
छापावाला
सुन प्रति तोला
रु. ३०२,३००।-
चाँदी
प्रति तोला
रु. ५,०१०।-

# मेची भन्सारद्वारा ११ अर्ब ५८ करोड राजश्व संकलन



**भद्रपुर, चैत ५।** मेची भन्सार कार्यालयले चालू आर्थिक वर्षको प्रथम आठ महिनामा रु. ११ अर्ब ५८ करोड छ लाख ३० हजार राजश्व सङ्कलन गरेको छ। यो सोही अवधिका लागि निर्धारण गरिएको लक्ष्यको ९६ दशमलव ६ प्रतिशत हो।

कार्यालयका सूचना अधिकारी ईश्वरकुमार हुमागाँईका अनुसार चालू आवको फागुन मसान्तसम्म रु.१२ अर्ब पाँच करोड ५८ लाख ६९ हजार राजश्व सङ्कलन गर्ने लक्ष्य राखिएको थियो। उनका अनुसार फागुन महिनामा मात्रै रु. एक अर्ब ६५ करोड ८० लाख चार हजार राजश्व सङ्कलन भएको छ। यो उक्त महिनाका लागि निर्धारण गरिएको लक्ष्यको ११० दशमलव २६ प्रतिशत हो।

चालू आवको आठ महिनामा भन्सार महसुल शीर्षकमा रु.चार अर्ब ८९ करोड ३३ लाख, भन्सार महसुल निर्यात शीर्षकमा रु.२२ करोड १७ लाख, भन्सारसम्बन्धी अन्य आय शीर्षकमा रु.६३ लाख ६४ हजार, निर्यात सेवा शुल्क शीर्षकमा रु. छ लाख २९ हजार, कृषि सुधार शुल्क शीर्षकमा रु. १० करोड ९६ लाख राजश्व सङ्कलन भएको छ।

त्यसैगरी अन्तःशुल्क आयात शीर्षकमा रु. २९ करोड ४२ लाख २४ हजार, सडक मर्मत तथा सुधार दस्तुर शीर्षकमा रु.३९ करोड २३ लाख ८४ हजार, पूर्वाधार कर शीर्षकमा रु. एक अर्ब २२ करोड १२ लाख ८० हजार, स्वास्थ्य जोखिम कर वैदेशिक उत्पादन शीर्षकमा एक लाख २१ हजार, मूल्य अभिवृद्धि कर (आयात) शीर्षकमा रु.चार अर्ब २० करोड १८ लाख ८७ हजार र हरित कर शीर्षकमा रु. १३ करोड २३ लाख ५४ हजार राजस्व सङ्कलन भएको छ।

कार्यालयले चालू आव २०८२/०८३ का लागि कूल रु.१८ अर्ब ८७ करोड ७४ लाख ८३ हजार राजश्व सङ्कलन गर्ने वार्षिक लक्ष्य राखिएको सूचना अधिकारी हुमागाँईले जानकारी दिए।

# डेंङ्गु नियन्त्रणका लागि प्रभावकारी कार्यक्रम सञ्चालन गर्न निर्देशन

**झापा, चैत ५।** सरकारले यस वर्ष पनि गर्मीयाम शुरुसँगै डेङ्गुको उच्च जोखिम भएका स्थानीय तहलाई सचेतना कार्यक्रम सञ्चालन गर्न निर्देशन दिएको छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका किटजन्य रोग शाखाका प्रमुख डा. गोकर्णप्रसाद दाहालले डेङ्गु सङ्क्रमण नियन्त्रण तथा रोकथामका लागि स्थानीय तहलाई सचेतना कार्यक्रम गर्न निर्देशन दिइएको बताए।

'सचेतना कार्यक्रमले डेङ्गु सङ्क्रमण घट्दै गएको पाइएको छ' -उनले भने- 'गर्मी शुरु भएसँगै डेङ्गु सङ्क्रमण जोखिम रहेका स्थानीय तहलाई सचेतना कार्यक्रम सञ्चालन गर्न निर्देशन दिइसकेका छौं।'

**पाँच गुणाले घट्यो सङ्क्रमण**

महाशाखाका अनुसार अघिल्ला वर्षको तुलनामा गतवर्ष डेङ्गु सङ्क्रमण पाँच गुणा घटेको पाइएको छ। सन् २०२४ को अनुपातमा सन् २०२५ मा पाँच गुणा डेङ्गु सङ्क्रमण घटेको छ। सन् २०२४ मा ४१ हजार आठ सय ६५ जनामा डेङ्गु



सङ्क्रमण देखिएको थियो भने सन् २०२५ मा त्यसको करिब पाँच गुणा कम आठ हजार पाँच सय ७६ जनामा डेङ्गु सङ्क्रमण देखिएको थियो।

शाखा प्रमुख डा. दाहालले सरकारको डेङ्गु सङ्क्रमणबिरुद्ध सञ्चालन गरेको अभियानले गर्दा घटेको बताए। 'डेङ्गु सङ्क्रमण फैलिन नदिनका लागि डेङ्गु सार्ने लामखुट्टेको लार्भा नष्ट गर्ने अभियानमा सबैका सहयोग भयो, जसले गर्दा डेङ्गु सङ्क्रमण सार्ने लामखुट्टे फैलिन पाएन र डङ्गु सङ्क्रमण कम भयो।' -उनले भने।

सरकारले प्रत्येक शुक्रबार सरकारी कार्यालयमा डेङ्गु सङ्क्रमण सार्ने लार्भा खोज र नष्ट गरे अभियान सञ्चालन गरेको थियो। शाखाका प्रमुख डा. दाहालले समुदायको पहलमा नै डेङ्गु सङ्क्रमण नियन्त्रण तथा रोकथाम गर्न सकिएको बताए। उनले प्रत्येक वर्ष डेङ्गु सङ्क्रमण कम हुँदै गएको बताए।

उनका अनुसार सन् २०२३ मा ५२ हजार सात सय ९० जना, सन् २०२२ मा ५४ हजार सात सय ८४ जनामा डङ्गु सङ्क्रमण देखिएको थियो। त्यस्तै गत असारदेखि भदौसम्म एक हजार युवा परिचालन गरेर डङ्गु सार्ने लामखुट्टे नियन्त्रण र जनस्तरमा सचेतना कार्यक्रम सञ्चालन गरेको थियो।

यस वर्ष पनि गर्मीयाम शुरुसँगै डङ्गुको उच्च जोखिम भएका स्थानीय तहलाई सचेतना कार्यक्रम सञ्चालन गर्न निर्देशन दिइसकेको उनले जानकारी दिए। पानी जम्ने सफा ठाउँमा एडिज एजिप्टी र एडिस एल्बोपिक्टस प्रजातिको लामखुट्टेले फुल पार्दछ। ती फूलबाट लार्भा निस्कन्छ। त्यही लार्भा वयस्क भएर मानिसलाई टोकेपछि डेङ्गु रोग लाग्दछ।

# हावाहुरीपीडितलाई सहयोग



**भोजपुर, चैत ५।** भोजपुरको पौवादुङमा गाउँपालिकाले हालै आएको हावाहुरीका कारण क्षति व्यहोरेका परिवारलाई राहत उपलब्ध गराउने निर्णय गरेको छ।

यही चैत २ गते आएको हावाहुरीबाट प्रभावित घरपरिवारको स्थलगत अनुगमनपछि गाउँपालिकाले प्रति परिवार २० हजार रुपैयाँका दरले राहत वितरण गर्ने निर्णय गरेको गाउँपालिका अध्यक्ष किरण राईले जानकारी दिए।

उनका अनुसार प्रभावित परिवारको अवस्थालाई दृष्टिगत गर्दै स्थलगत निरीक्षणपछि प्रति परिवार २० हजार रुपैयाँका दरले राहत प्रदान गर्ने निर्णय गरिएको हो। 'प्राकृतिक विपत्तिका कारण समस्यामा परेका नागरिकलाई तत्काल सहयोग पुर्‍याउनु हाम्रो दायित्व हो, क्षतिको विवरण सङ्कलनसँगै राहत वितरणलाई तीव्रता दिइएको छ' -अध्यक्ष राईले भने।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत नवीन भट्टराईले हावाहुरीका कारण नौ परिवारका घरमा क्षति पुगेको बताए। ती सबै परिवारलाई राहत उपलब्ध गराइने उनले जानकारी दिए। हावाहुरीका कारण कच्ची तथा टिनका छाना भएका घरहरू बढी प्रभावित भएका छन्।

# पथरीशनिश्चरेका ग्यास डिलरहरूमा अनुगमन



**पथरीशनिश्चरे, चैत ५।** पथरीशनिश्चरे नगरपालिकामा खाना पकाउने ग्यास (एलपीजी) अभाव भएको जनगुनासो आएपछि नगरपालिकाको अनुगमन टोलीले ग्यास डिलरहरूको अनुगमन गरेको छ।

पथरी बजार र शनिश्चरे बजारका विभिन्न डिलरहरूमा अनुगमन भएको हो। अनुगमनका क्रममा केही डिलरहरूले लेखिएको भन्दा कम तौल भएका ग्यास सिलिन्डर बिक्री गर्ने गरेको पाइएको छ। साथै,उपभोक्तालाई 'ग्यास छैन' भन्दै फर्काउने तर भित्र लुकाएर ग्यास राखेको अवस्था समेत फेला परेको छ।

नगरको अनुगमन टोलीले ती ग्यास डिलरहरू बिरुद्ध कारवाही प्रक्रिया अघि बढाएको छ। नगरका अनुगमन निरीक्षक एकराज खत्रीले भने- 'गलत कार्य गर्ने डिलरहरूलाई उपभोक्ता संरक्षण ऐन, २०७५ तथा सम्बन्धित दफा-नियमावली बमोजिम कानूनी कारवाही गरिने छ।'


## हामीलाई सम्पर्क गर्नुहोस्
सेक्युरिटीमा जागिर खानु परे वा सेक्युरिटी चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस्। हामी तपाईहरुको आवश्यकता पूरा गर्नेछौं।
*नोटः सिबिल वा रिटायर जुनै भए पनि हुनेछ।*
सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा. लि.
SEVEN STAR SECURITY SERVICE PVT. LTD.
फोन : ०२३-५९१०९५,
मो. ९८०१४१६८४०, ९८०१४१६८४१
मो. ९८०१४१६८४२, ९८०१४१६८४३

Ganapati Bakers
Finest Bakery in town
गणपति बेकरीका परिकारहरुका लागि हामीलाई सम्झनुहोस्।
सम्पर्क नम्बर :
बिर्तामोड : ९८१०९४४५७७
काँकरभिट्टा : ९८२०५४४५७७
भद्रपुर : ९८२०१४४५७७

SUNMAI SPRING
'थोपा-थोपामा जीवन छ'
HACCP ISO 9001:2015 स्वदेशी हाम्रो सामान, हाम्रै स्वाभिमान
स्वास्थ्य जीवनका लागि सुनमाई पानी पिउने बानी बसालौं।
SUNMAI SPRING
Phone: 530335, 530234
Mob. No. 9801440344

## वैदेशिक रोजगार
के तपाई विदेश जान चाहनुहुन्छ ? यदि भरपर्दो र विश्वासिलो मेनपावरको खोजीमा हुनुहुन्छ भने खगोल ओभरसिजलाई सम्झनुहोस्। यहाँबाट विभिन्न देशहरु दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरबमा डाइरेक्ट कम्पनीमा नेपाली कामदारहरु पठाउने व्यवस्था गरिएको छ।
सम्पर्कः ९८०१४०१३००, ९८०१४२७३०१, ९८०१४२७३०३
बिर्तामोड, झापा

UNited International Group
UAE मा रोजगारीको अवसर
७ दिनमा भिषा आउने
कम्पनी: युनाइटेड इन्टरनेशन ग्रुप LT No . 309924
पद : मेसन, कार्पेन्टर, स्टील फिक्चर, हेल्पर
ASIA LINK SERVICES (P) LTD .
BRANCH OFFICE : BIRTAMOD, JHAPA
Tel: 023-535072 / 531287
Mob: 9852674809 / 9863714421
9807963795 / 9816015488
email:
asialinkjhapa@gmail.com
phagdhakgroup@gmail.com

## वैदेशिक रोजगार
अब वैदेशिक रोजगारीका लागि भरपर्दो मेनपावर बिर्तामोडमा
हामीलाई सम्पर्क गर्नुहोस्। बिना झन्झट राम्रो तलब (सेलरी)मा तपाईलाई वैदेशिक रोजगारमा हामी पठाउँछौं।
सम्पर्क :
GLOBAL RECRUIT EXPERTS
Branch Office: Birtamode, Jhapa
Near Aduwa Khola Behind Binayak hotel
Birtamode, jhapa, Nepal
Phone No. :
023-590528, 9702959640, 9702959641, 9702959642, 9702959643, 9806004031
email: globalrecruitexperts9@gmail.com

## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना
दुबले पाँचकोटीको नाती, दिल बहादुर पाँचकोटीको छोरा, कोशी प्रदेश झापा जिल्ला दमक न.पा. ११ मा बस्ने धन बहादुर दर्जीले (धन बहादुर पाँचकोटी)यस शाखामा बचत खाता नं. २१९१५२४०३००३९९ संचालन गर्दै आउनु भएकोमा मिति वि.सं. २०८२/१०/१७ मा निज खातावाला धन बहादुर दर्जीको (धन बहादुर पाँचकोटी) निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खाताहरुमा रहेको रकम पाउँ भनी निज मृतकको छोरा नाता पर्ने राजन पाचकोटीले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजातसहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ। **बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११** बमोजिम निज मृतक धन बहादुर दर्जीको (धन बहादुर पाँचकोटी) नाममा यस शाखामा रहेको बचत खाताबाट भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको दमक शाखामा आउनुहोला। अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने व्यहोरा समेत जानकारी गराइन्छ। पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ।
नेपाल एसबिआई बैंक लिमिटेड NEPAL SBI BANK LTD.
दमक शाखा, दमक, झापा
फोन नम्बर :- ०२३-५७५४१५
फ्याक्स :- ०२३-५७५४१६

## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना
जय नारायण फूयलको नाती, कासीनाथ फूयलको छोरा, कोशी प्रदेश झापा जिल्ला दमक न.पा. ९ मा बस्ने कृष्ण प्रसाद फुयलले यस शाखामा बचत खाता नं. २१९१५२४१४०१०९९ संचालन गर्दै आउनु भएकोमा मिति वि.सं. २०८२/०९/२५ मा निज खातावाला कृष्ण प्रसाद फुयलको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खाताहरुमा रहेको रकम पाउँ भनी निज मृतकको श्रीमती नाता पर्ने मनमाया फुयालले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजातसहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ। **बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११** बमोजिम निज मृतक कृष्ण प्रसाद फुयलको नाममा यस शाखामा रहेको बचत खाताबाट भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको दमक शाखामा आउनुहोला। अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने व्यहोरा समेत जानकारी गराइन्छ। पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ।
नेपाल एसबिआई बैंक लिमिटेड NEPAL SBI BANK LTD.
दमक शाखा, दमक, झापा
फोन नम्बर :- ०२३-५७५४१५
फ्याक्स :- ०२३-५७५४१६

## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना
भक्त बहादुर कार्कीको नाति, मन बहादुर कार्कीको छोरा, मेची अञ्चल झापा जिल्ला कोहवरा गा.वि.स. वडा न. २ स्थाई ठेगाना भई कोशी प्रदेश, मोरङ जिल्ला, सुन्दरहरैचा गा.पा. वडा न. १० मा बस्ने रुद्र बहादुर कार्कीले यस शाखामा बचत खाता नं. २१९१५२४०७०१०६६ संचालन गर्दै आउनु भएकोमा मिति वि.सं. २०८२/११/०३ मा निज खातावाला रुद्र बहादुर कार्कीको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खाताहरुमा रहेको रकम पाउँ भनी निज मृतकको छोरा नाता पर्ने एक राज कार्कीले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ। **बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११** बमोजिम निज मृतक रुद्र बहादुर कार्कीको नाममा यस शाखामा रहेको बचत खाताबाट भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको दमक शाखामा आउनुहोला। अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने व्यहोरा समेत जानकारी गराइन्छ। पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ।
नेपाल एसबिआई बैंक लिमिटेड NEPAL SBI BANK LTD.
दमक शाखा, दमक, झापा
फोन नम्बर :- ०२३-५७५४१५
फ्याक्स :- ०२३-५७५४१६

## घर ढलान गर्नुछ ?
तपाईको सेवामा सधैं
चन्द्र सूर्य आर.एम.सी.
झापा तथा इलाम जिल्लामा घर ढलान, बाटो, पुल-पुलेसाका तथा भौतिक संरचनामा उच्च गुणस्तर कंक्रिट ढलानका लागि आधुनिक रुपमा अनुभवी कामदारबाट काम गर्नु परेमा सधैं सम्झनुहोस्।
सेवामा २४सैं घण्टा उपलब्ध छौं।
सम्पर्क :
९८०२३१३२९०
९८२४०५७७०७
९८०२३१३२९३

## कार्की ट्याक्सी सर्भिस
दमक-बिर्तामोड-दानाबारी-जितपुर-मंगलबारे दैनिक सेवा रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्
छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे
सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४ ९८४०३८७६७५
जीवन कार्की ९८१७९४०१७३
मे १ ज १६७०

## होटल समृद्धि सुरुङ्गा
एसी हल, एसी रुम, बर्थ डे हल, शान्त वातावरणमा खाना/बस्नसहितको विशेष सुविधा अब होटल समृद्धि सुरुङ्गमा।
होटल समृद्धी
हरिकुल बोर्डिङ्ग छेउ, हाइवे उत्तर
कनकाई नपा, सुरुङ्गा, झापा
सम्पर्क : ९८२२१९५२७३, ९८५२६७१४२२

शुद्ध दूधको स्वस्थ उत्पादन
## कोसेली
"सुखद् उत्सव होस वा पारिवारिक समारोहमा कोसेली सधैं तपाईहरुको साथमा'
दूध तथा दूधबाट बनेका सम्पूर्ण उत्पादनहरु बिर्तामोड एरियामा होम डेलिभरीसहित उपलब्ध छ। साथै क्याटरिङ्ग तथा पार्टी भोजका लागि चाहिने सम्पूर्ण दुग्ध परिकार र मिनी रसवरी पनि उपलब्ध छ।
कालिका डेरी,
कृषिथोक पूर्वगेट बिर्तामोड,
फोन नं.: ०२३-५३४१२९
९८५२६४४१२९, ९८०२३१३२७२

## आयुर्वेद उपचार
यहाँ पाइल्स, फिस्टुला, फिसरको विशेषज्ञ डाक्टरद्वारा सफल उपचार गरिन्छ। साथै शरीरका सम्पूर्ण रोगहरुको पनि उपचार गरिन्छ।
सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.
काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै काली मन्दिर छेउ, बिर्तामोड
सम्पर्कः ९८१८७९३९८६, ९८५२६८८९८६

## सेफ्टी ट्यांकी चाहिएमा
अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **राम्रो सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस्। *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ।*
सम्पर्कः शिवसताक्षी, कन्काई, बिर्तामोड, धुलाबारी, अर्जुनधारा, बुधबारे
देवराज गिरी
९८१३६७६६२२/९८४२०७०५८६/९७०६१९६४०६

## सिलिङ्ग सम्बन्धीको सम्पूर्ण काम गर्नुपरेमा हामीलाई सम्झनुहोस्
यहाँ गुणस्तरीय सामानको प्रयोग गरी जिप्सन, फल्ससिलिङ, २x२ जिप्सन तथा २x२ सिमेन्ट बोर्ड सिलिङ्ग साथै पीभीसी सिलिङ्ग र सिमेन्ट बोर्ड पाटेसन सम्बन्धी सम्पूर्ण काम दक्ष प्राविधिकबाट गरिनुका साथै सिलिङ्ग सम्बन्धी सम्पूर्ण सामान होलसेल तथा खुद्रा मूल्यमा उपलब्ध छ। आजै सम्पर्क गर्नुहोस् मौकाको फाइदा लिनुहोस्।
बिर्तामोड :
झापा फल्स सिलिङ्ग हाउस
९८१७९९७२१२, ९८२५९१४४३०
उर्लाबारी : उर्लाबारी इन्टेरियर डेकोर
फोन नं. : ९८११३४८२४३

अब बिर्तामोडमा
डा. पितामबर ठाकुर
MBBS. MD(TU)
NMC NO. 1914
मेची अञ्चल अस्पतालका Ex-Superintendent वरिष्ठ फिजिसियन
हरेक दिन बिहान ११:०० देखि १:०० र दिउसो ३:०० देखि ५:०० बजेसम्म
के तपाईलाई तलका मध्ये कुनै समस्या छ ?
पेट सम्बन्धी समस्या, मुटु सम्बन्धी समस्या, राति निद्रा नलाग्ने, छाती दुख्ने, फोक्सो सम्बन्धी समस्या, बाथ, थाईराईड, रक्तचाप, मधुमेह
डाक्टर आउने समय : बिहान ११:०० बजेदेखि ५:०० बजेसम्म
(+977) 9817964771
(+977) 023-590008
THAKUR POLYCLINIC
Birtamode-1, Jhapa, Nepal
Opposite of Paschim Bus Stand

DRISHTI Eye Care System
TRUSTED BY MORE THAN 1.1 MILLION+ PATIENTS
## प्रत्येक दिन आँखाको शल्यक्रिया
१) मोतियाविन्दुको शल्यक्रिया
२) जलविन्दुको शल्यक्रिया
३) आँखाको पर्दा (रेटिना)को शल्यक्रिया
४) आँखाको डेढोपन (छड्के आँखा)को शल्यक्रिया
५) आँखाको नानी प्रत्यारोपण (शल्यक्रिया)
Visit our Website www.drishtieye.org
सबैका लागी दृष्टि सधैंका लागी दृष्टि

## उच्च गुणस्तर सुलभ मूल्य सयपत्री बालुवा प्रशोधन उद्योग
यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ।
सम्पर्क : ९८६६२४२४६६
Whatsp:
९८४२६५४४००/९८०४९५४४००
अर्जुनधारा नपा- ४, झापा

## आरोग्य मल्टि-स्पेसियलिटी डेन्टल क्लिनिक
१५ वर्षको अनुभवसँग तपाईको सेवामा :
हामीले प्रदान गर्ने सेवाहरू :
- दाँतका सम्पूर्ण समस्याको समाधान
- आर्थोडन्टिक उपचार (braces)
- दाँत सफा गर्ने (Scaling)
- ब्रिज, क्राउन र इम्प्लान्ट (implant)
- बालबालिका दाँत उपचार
निःशुल्क चेक-अप र आर्थोडन्टिक परामर्श लिनुहोस् ! तपाईंको सेवामा !
हाम्रो स्थानहरूः बिर्तामोडमा हिकोला रोड, फोन नं. ९८६९१८३०४२
शनिश्चरेमा NIC एशिया बैंकको तल फोन नं. ९८१७०५६११८

## विशेषज्ञ डाक्टरहरुको सेवा अब कान्तिपुर मेडिसीन सेन्टर
उपचार हुने रोगहरु :
- उच्च रक्तचाप (Blood pressure)
- सुगर, हर्मोन, थाइराइड विशेषज्ञ
- वरिष्ठ मानसिक रोग विशेषज्ञ
- वरिष्ठ छाला, यौन रोग विशेषज्ञ
- वरिष्ठ बाल रोग विशेषज्ञ
- स्त्री तथा प्रसुति रोग विशेषज्ञ
यहाँ रेबिजबिरुद्धको भ्याक्सीन लगाइन्छ। साथै प्याथोलोजी सेवा पनि उपलब्ध छ।
अदुवा पुल छेउ गणेश पेट्रोल पम्पसँगै बिर्तामोड, झापा (फोनः ०२३-५३२८४५)

## ताप्लेजुङ -पाथीभरा सफल यात्रा
बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।
ताप्लेजुङ पाथीभरा काउन्टर
मो. : ९८०३२५०४७२ ९८०१३६४०९३

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।
## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई
बिर्तामोड सम्पर्क राजुकुमार श्रेष्ठ ९८५२६४६००५, ९८०६०१०४१० ९८४२६३४६२, ०२३-५४६००५
दमक सम्पर्कः देवी सिटौला ९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

## झापामै पहिलो होमियोप्याथिक
तारा होमियो फार्मेसीमा सम्पूर्ण होमियोप्याथिक औषधि उपलब्ध हुनुका साथै डाक्टरको सेवा पनि उपलब्ध छ।
- **पेटका रोगहरुः** ग्यास्ट्रिक, पेट दुख्ने, पोल्ने, खाना नपच्ने, अरुचि,पाइल्स, फिस्टुला फिस्सर,मलद्वारमा मासु पलाउने, कब्जियत,जण्डीस,
- लिभरका रोगहरु
- महिलाको महिनावारी गडबडी, सानो पेट दुख्ने, पोल्ने, सुन्निने, सेतोपानी जाने, ढाड दुख्ने, स्थनका गाठागुठी आदि।
- अनुहारको चायाँ पोतो, डण्डिफोर, मुसा, खिल, अैजेरु, दम, खोकी, बाथ, मृगौलाको पत्थरी, टाउको दुख्ने, निद्रा नलाग्ने,रुघा लागिरहने, एलर्जी, नाक बन्द हुने, नाकमा मासु पलाउने, पिनास, जोर्नी दुख्ने, युरिक एसीड, थाइराइडको समस्या, स्त्री तथा पुरुषका विभिन्न गुप्तरोगहरु, सुगर,ब्लड प्रेसर,कपाल झर्ने, मोटोपन घटाउने आदि।
तारा होमियो फार्मेसी
बिर्तामोड, झापा
फोन नं.:- ०२३-५३१२९८, ९८५२६७२३१६

## हाड जोर्नी नसाका बिरामीलाई सुवर्ण अवसर काठमाडौंका विशेषज्ञ बिर्तामोडमा
स्पार्क अस्पताल काठमाडौंका बरिष्ठ **डाक्टर अनिलकुमार महतो** यही २०८२ साल **चैत ७ गते शनिबार** स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोडमा आउँदै हुनुहुन्छ। आफ्नो समस्या जाँच गराई मौकाको फाइदा लिनुहोस्।
**जाँच हुने समस्याहरु :**
- ढाड, कम्मर, गर्दन। घुँडा, जोर्नीहरु दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको
- शरीर झम्झमाउने, लाटो हुने, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको
समय : बिहान ८:०० देखि ३:००
स्पार्क पूर्वाञ्चल अस्पताल,
कनकाई रोड, नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३-५३०१२३, ९७६२९००२८८, ९८१४०३२६६२, ९७६२९००२८८